# ७ येशू

*<u>यस अध्यायका मूल पदहरू:</u>* २ तिमोथी १:८,९, यशैया ४२:१-९, दानिएल ९:२४-२७, लूका २:८-१४, मत्ती १०:५,६, प्रेरित १:१-१४।

*<u>यस अध्यायका मूल सार पद:</u>* **"फेरि येशूले भन्नुभयो, 'तिमीहरूका शान्ति होस्! जसरी परमेश्वर पिताले मलाई पठाउनुभयो त्यसरी नै तिमीहरूलाई पठाउँदैछु' " (यूहन्ना २०:२१ रूपान्तरित)।**

**पवित्र धर्मशास्त्र बाइबलको मुताविक त्री-एक परमेश्वरको आधारभूत काम नै मानिसहरूलाई उद्धार गर्ने काममा लाग्नु हो।** तिनै जना पिता, पुत्र र पवित्र आत्मा मानिसहरूलाई मुक्ति दिन संलघ्न भएका छन्। जब मानिस पतित भए त्यहाँदेखि उहाँहरूको काम सुरू भएको थियो। त्यो काम संसारको अन्त्यसम्म जारी हुनेछ। उद्धार पाएको यस संसारलाई पिता, पुत्र र पवित्र आत्माले पुनजिर्णोद्धार गर्नुहुनेछ र परमेश्वरको इच्छा अनुसार पूर्ण एकतामा बुनिदिनुहुनेछ।

आफ्नो लक्ष्य पूरा गर्न येशू ख्रीष्ट आवश्यक मानव चोला धारण गरि ठूलो परिवर्तनको प्रक्रियामा पस्नुभएको थियो भनेर सुसमाचारका पुस्तकहरूले बताउँछन्। इतिहासलाई सही रूपमा बुझ्न चाहने हो भने येशू ख्रीष्टलाई हेर्नुपर्छ। सारा मिसनको काम वा मानिसलाई उद्धार गर्ने परमेश्वरको योजना एक भएर अघि बढेको हामी पाउँछौं। र मानिसको गहिरो आवश्यकता भनेको अर्थपूर्ण जीवन बिताउनु हो भनेर हाम्रो निम्ति त्री-एक परमेश्वर एकजुट भएर लाग्नुभएको छ भन्ने आत्मज्ञानले बताउँछ।

येशू ख्रीष्ट मानिसभएर आउनुको उद्देष्य के हो भनेर नयाँ करारले हामीलाई सिकाउँछ। फेरि हामीले उहाँको उद्देष्य योजनावद्धरूपमा कसरी पूरा गर्ने भनेर उहाँले दिनुभएको रुपरेखा पनि नयाँ करारमा पाउँछौं। अरू राष्ट्रका मानिसहरू र अरू आस्था वा धर्मका मानिसहरूसँग भएको अन्तर्क्रियाका उदाहरणहरू पनि

सुसमाचारका पुस्तकहरूमा पाउँछौं। पापीहरूलाई सही मुक्ति दिलाउने परमेश्वरको महान् कार्य परमेश्वरको वचनबाट नै हामी सिक्दछौं।

## १. पुरानो करारमा येशू (२ तिमोथी १:८-१०) १०१

२ तिमोथी १:८-१० अत्यन्त उल्लेखनीय पदहरू हुन्। व्यक्तिगत अथक प्रयास, धर्मकर्म आदिद्वारा धर्म वा मुक्ति कमाउन व्यर्थ छ भनेर ती पदहरूले बताउँछ। फेरि त्यसै वखत ती पदहरूले मुक्तिको अनन्त स्वभावलाई पनि प्रकट गर्दछ। हामीहरूको मुक्तिको योजना धेरै धेरै वर्ष अघि तर्जुमा भएको थियो भने ती पदहरूले बताउँछन्। हेरौं ती पदहरूः "८ यसकारण हाम्रा प्रभुको गवाही दिन शर्म नामान, न त म, उहाँको कैदीको, तर परमेश्वरको शक्तिमा सुसमाचारको निम्ति दुःख-भोगमा तिमी सहभागी होऊ। ९ उहाँले हामीलाई उद्धार गर्नुभयो, र एउटा पवित्र बोलावटद्वारा बोलाउनुभयो। हाम्रो कामको आधारमा होइन, तर उहाँको आफ्नै अभिप्राय र अनुग्रहको आधारमा हो, जो उहाँले ख्रीष्ट येशूमा युग-युग अघिदेखि हामीलाई दिनुभएको थियो,
१० जुन अनुग्रह अब हाम्रा मुक्तिदाता ख्रीष्ट येशूको आगमनद्वारा प्रकट गर्नुभएको छ। उहाँले मृत्युलाई नाश गरेर जीवन र अविनाशलाई सुसमाचारद्वारा प्रकाशमा ल्याउनुभयो।"

**त्यसकारण** सारा पुरानो करारभरि येशू ख्रीष्टको बारेमा कुनै न कुनै रूपमा वर्णन गरिएकोमा हामी छक्क पर्नुपर्दैन। विशेष गरेर येशू नै ख्रीष्ट वा मसीह हुनुहुन्छ भन्ने पुरानो करारमा दिएको अनेकन् भविष्यवाणीहरूले उहाँ को हुनुहुन्छ भनेर पुष्टि गर्दछ।

येशू ख्रीष्ट नै मसीह हुनुहुन्छ र उहाँका कामहरूको बारेमा उल्लेख गरेका देहायका भविष्यवाणीहरूले के भन्दछ? हेर्नुहोस्ः यशैया ६१:१ "परमप्रभु परमेश्वरका आत्मा ममाथि छ, किनभने गरीबहरूलाई सुसमाचार सुनाउनका निम्ति परमप्रभुले मलाई अभिषेक गर्नुभएको छ। मन भाँचिएकाहरूको हृदयलाई बाँध्न, कैदमा परेकाहरूलाई स्वतन्त्रता दिन र बन्धनमा परेकाहरूलाई छुटकाराको घोषणा गर्न उहाँले मलाई पठाउनुभएको छ।", दानिएल ९:२४-२५ "तिम्रो जाति र तिम्रो पवित्र सहरको निम्ति अपराध खतम पार्न, पाप समाप्त गर्न, दुष्टताको लागि प्रायश्चित गर्न, अनन्त धार्मिकता ल्याउन, दर्शन र अगमवाणीलाई मोहोर लगाएर बन्द गर्न र महापवित्रस्थानलाई अभिषेक गर्न सत्तरी 'सातहरू'*

को आदेश तोकिएको छ। २५ “यो जान र बुझ, यरूशलेमको पुनर्स्थापन र पुनर्निर्माण गर्न यो आदेश जारी गरेको समयदेखि अभिषिक्त जन, अर्थात् एक शासक नआउञ्जेलसम्म सात ‘सातहरू’ र बयसट्ठी ‘सातहरू’ हुनेछन्। गल्ली र सुरुङहरूसहित यसको पुनर्निर्माण हुनेछ, तर दुःखको समयमा। २६ बयसट्ठी ‘सातहरू’ पछि ती अभिषिक्त जन हटाइनेछन् र तिनीसँग केही पनि रहनेछैन। शासकका मानिसहरू आएर त्यस सहर र पवित्रस्थानलाई विनाश गर्नेछन्। अन्त बाढ़ीझैं आउनेछः लड़ाइँ अन्तसम्म रहनेछ, र उजाड़ अवस्थाहरूको आदेश जारी भएको छ। २७ धेरै जनासित एक ‘सात’ * को लागि तिनले एउटा करारको सदर गर्नेछन्। ‘सात’-को बीचमा तिनले बलिदान र भेटीलाई समाप्त गर्नेछन्। अनि मन्दिरको एक भागमा तिनले विनाशकारी घृणित थोक खड़ा गर्नेछन्, जबसम्म तिनीमाथि आदेश गरिएको अन्त खन्याइनेछैन।”, यशैया ७:१४ “यसैकारण परमप्रभु आफैले तिमीहरूलाई एउटा चिन्ह दिनुहुनेछ। हेर, कन्या गर्भवती हुनेछ, र त्यसले एउटा छोरा जन्माउनेछ र उनको नाउँ इम्मानुएल* राखिनेछ।", यशैया ९:६ “किनभने हाम्रा निम्ति एउटा बालकको जन्म भएको छ। हाम्रा निम्ति एउटा छोरो दिइएको छ। शासन उहाँको काँधमा हुनेछ। उहाँ अचम्मका सल्लाहकार, शक्तिशाली परमेश्वर, अनन्तका पिता, शान्तिका राजकुमार कहलाइनुहुनेछ।" र यशैया ४२:१-९ “१ मेरो चुनिएका जन, जसमा म प्रसन्न हुन्छु। तिनमा म मेरो आत्मा राखिदिनेछु। तिनले जाति-जातिहरूमा न्याय ल्याउनेछन्। २ तिनी चिच्च्याउनेछैनन्, वा कराउनेछैनन् अथवा तिनले आफ्नो सोर सड़कमा सुनाउनेछैनन्। ३ फुटेको निगालो तिनले भाँच्नेछैनन्, र धिपधिप भइरहेको सलेदो तिनले निभाउनेछैनन्। तिनले विश्वस्ततामा न्याय गर्नेछन्। ४ जबसम्म तिनले पृथ्वीमा इन्साफ स्थापित गरिसक्दैनन् तबसम्म न त तिनी दुर्बल हुनेछन्, न निरुत्साहित हुनेछन्। तिनको व्यवस्थामा टापूहरूले आफ्नो आशा राख्नेछन्।” ५ परमेश्वर परमप्रभु यसो भन्नुहुन्छ– आकाश सृष्टि गरेर त्यो फैलाउनुहुने, अनि पृथ्वी र त्यसबाट उत्पन्न हुने सबैलाई फैलाउनुहुने, र त्यसमा भएका मानिसहरूलाई सास अनि त्यसमा हिँड्डुल गर्नेहरूलाई आत्मा दिनुहुनेः ६ “म, परमप्रभुले तिमीलाई मेरो धार्मिकताअनुसार बोलाएको

छु। म तिम्रो हात समात्नेछु, र तिम्रो रक्षा गर्नेछु। तिमीलाई नै म जाति-जातिहरूका निम्ति करार र अन्यजातिहरूका निम्ति ज्योति बनाउनेछु, ७ अन्धाहरूका आँखा खोल्नलाई, कैदीहरूलाई कारागारबाट र अन्धकारमा बस्नेहरूलाई कैदी राख्ने तहखानाबाट निकाल्नलाई। ८ “म परमप्रभु हुँ, मेरो नाउँ त्यही हो! मेरो महिमा म अरूलाई दिनेछैनँ, अथवा मेरो प्रशंसा मूर्तिहरूलाई दिनेछैनँ। ९ हेर, पहिलेका कुराहरू भइसके, र नयाँ कुराहरू म बताउँछु। ती हुनभन्दा अघि नै म तिनका विषयमा तिमीहरूलाई प्रकाशित गर्नेछु।"

अगमवक्ता यशैयाले यस संसारमा येशूको अर्थपूर्ण लक्ष्यलाई यसरी वर्णन गरेका छन् “मेरो सेवक यहाँ छ। मैले उनलाई राम्रोसँग हेरचाह गर्नेछु। मैले उनलाई चुनेको छु। म उनीदेखि धेरै प्रशन्न छु। मेरो आत्मा वा जोश उनमाथी राख्नेछु। राष्ट्रहरूको बीचमा सबै थोक ठीक पार्ने उनी नै हुनेछ।..जुन ठीक वा सही छ सो गर्न म परमप्रभुले तिमीलाई चुनेको छु। तिम्रो हातलाई पक्रेर म तिमीलाई डोऱ्याउनेछु। मैले तिमीलाई सुरक्षित राख्नेछु। मेरा मानिस इस्राएलीहरूलाई दिएका मेरा करार वा कबूलहरूलाई तिमीले नै प्रभावकारी बनाउनेछौ। अनि तिमी अरू राष्ट्रहरूको निम्ति ज्योति भएर चम्कनेछौ। देख्न नसकेको आँखा तिमीले खोलिदिनेछौ। तिमीले कैदमा परेका वा वन्दीहरूलाई मुक्त गर्नेछौ। जो मानिसहरू अन्धकारमा छन् तिनीहरू आफ्नो कालकोठरीबाट बाहिर निस्कनेछन्" (यशैया ४२:१,६,७ रूपान्तरित)।

**सृष्टिकर्ता परमेश्वर मानव अवतार लिएर हामीकहाँ आउनुभयो भन्ने अचम्मको ज्ञानलाई गहिरिएर सोच्नुहोस्। त्यही मानव चोलामा उहाँ रहनुभयो र मर्नुभयो। सापति आश्वासन वा आश्वासनरहित यस संसारमा त्यसले तपाईंलाई कस्तो आशा प्रदान गर्दछ?**

## २. सारा युगहरूका आशा (लूका २:८-१४)

चर्च र संसार दुवैको प्रभु वा स्वामी येशू ख्रीष्ट हुनुहुन्छ। अपेक्षा गरिएको अनुसार उद्धार पाउन त्यस समूदायको निम्ति पुरानो करारमा उल्लेख गरिएका वाचाहरू पूरा गर्न येशू मानव चोला लिएर आउनुभएको थियो। त्यो समूदाय वा जातिमा यहूदी र गैर-यहूदी अर्थात् संसारका सबै जातिहरू समावेश भएका छन्। येशूको आगमनले यहूदी जाति र अन्य जातिहरू (नेपाली भाषामा म्लेच्छ) बीचमा खडा गरिएको

पर्खाल भत्किएको थियो। यहूदी र गैर-यहूदी भन्ने जातित्व भावना उहाँले गर्दा अलप भएको थियो। उहाँको आगमनले नयाँ युगको थालनी भएको थियो। केही समयसम्म यरुशलेम त्यस अवधारणालाई देखाउन केन्द्रविन्दुको रूपमा रहने प्रावधान थियो। तर त्यस शहरमा बनाइएको हेरोदको मन्दिरको गरिमा हटिसकेको थियो। यहूदीहरूले ख्रीष्टलाई आफ्नो जीवन सुम्पनु महत्त्वपूर्ण हुनगएको थियो। तिनीहरू अब जीवित मोबाइल मन्दिरमा परिणत भएको थियो। ती इसाई यहूदीहरू इस्राएलको सत्य बाँकि वा वचेखुचेका वा साना झुण्ड थिए जसलाई सारा संसारमा सुसमाचार प्रचार गर्न सुरूको चर्चमा खटाइएको थियो।

येशू ख्रीष्ट केवल एक जातिको निम्तिमात्र होइन सारा विश्वको मुक्तिदाता हुने लक्ष्य लिएर आउनुभएको उहाँको जन्म, बालककाल र वप्तिस्माले अवगत गरिएको थियो।

प्रभु येशू स्थानीय जाति वा एक जातिको मात्र मसीह वा उद्धारकर्ता नभएर यस विश्वमा रहेका सम्पूर्ण जाति र राष्ट्रहरूको पनि हो भनेर देहायका पदहरूले कसरी जनाउँछन्? हेर्नुहोस्ः लूका २ः८-१४ "८ त्यही इलाकामा गोठालाहरू थिए, जसले चउरमा बसेर राती आफ्नो बगालको रखवाली गर्थे। ९ प्रभुका एक जना स्वर्गदूत तिनीहरूकहाँ देखा परे, र प्रभुको तेज तिनीहरूका वरिपरि चम्क्यो, अनि तिनीहरू साह्रै डराए। १० तब स्वर्गदूतले तिनीहरूलाई भने, "नडराओ, किनभने हेर, म तिमीहरूलाई बड़ो आनन्दको सुसमाचार सुनाउँछु, जो सबै मानिसहरूका निम्ति हुनेछ। ११ आज दाऊदको सहरमा तिमीहरूका निम्ति एक जना मुक्तिदाताको जन्म भएको छ, जो ख्रीष्ट प्रभु हुनुहुन्छ। १२ तिमीहरूलाई चिन्हचाहिँ यो हुन्छः तिमीहरूले एउटा बालकलाई लुगाले बेह्रेको र डूँड़मा सुताइराखेको भेट्टाउनेछौ।" १३ तब एक्कासि ती स्वर्गदूतसँग स्वर्गीय सेनाको एउटा दल देखा पर्‍यो। परमेश्वरको स्तुति गर्दै, तिनीहरूले भने, १४ "सर्वोच्चमा परमेश्वरलाई महिमा, र पृथ्वीमा जुन मानिसहरूसँग उहाँ प्रसन्न हुनुहुन्छ,
तिनीहरूलाई शान्ति!", लूका २ः२५-३३ "२५ यरूशलेममा शिमियोन नाउँ भएका एक जना मानिस थिए। उनी इस्राएलका सान्त्वनाको आशा गर्ने धर्मी र भक्तजन थिए, र पवित्र आत्मा उनीमाथि हुनुहुन्थ्यो। २६ "परमप्रभुका ख्रीष्टलाई नदेखेसम्म तिमी मर्नेछैनौ" भन्ने प्रकाश उनले

पवित्र आत्माबाट पाएका थिए। २७ उनी पवित्र आत्माको प्रेरणामा मन्दिरभित्र आए। जब आमा-बुबाले बालक येशूलाई उहाँको निम्ति व्यवस्थाअनुसारको विधि गर्नलाई मन्दिरभित्र ल्याए, २८ तब उनले उहाँलाई आफ्नो काखमा लिए, र परमेश्वरलाई धन्यवाद दिएर भने,

२९ "अब हे परमप्रभु, आफ्नो वचनअनुसार
तपाईंले आफ्नो दासलाई शान्तिसँग बिदा दिनुहोस्।
३० किनकि मेरा आँखाले तपाईंको उद्धार देखेका छन्,
३१ जो तपाईंले सबै मानिसहरूका सामुन्ने तयार पार्नुभएको छ,
३२ अन्यजातिहरूलाई प्रकाशको निम्ति ज्योति
र तपाईंको जाति इस्राएललाई महिमाको निम्ति ज्योति।",

लूका ३:१-६ "१ कैसर तिबेरिअसका शासनकालको पन्ध्रौं वर्षमा पन्तियस पिलातस यहूदियाका हाकिम थिए। त्यस बेला हेरोद गालीलका शासक थिए, र तिनका भाइ फिलिप इतुरिया र त्राखोनितिसका शासक थिए, अनि लुसानियास अबिलेनेका शासक थिए। २ हन्नास र कैयाफाका प्रधान पूजाहारीगिरीको समयमा परमेश्वरको वचन उजाड-स्थानमा जकरियाका छोरा यूहन्नाकहाँ आयो। ३ तिनी पाप-क्षमाको निम्ति पश्चात्तापको बप्तिस्मा प्रचार गर्दै यर्दन नदीका आसपासका सबै इलाका हुँदो आए। ४ यशैया अगमवक्ताका वचनको पुस्तकमा यसो लेखिएको छ, "उजाड-स्थानमा एक जना कराउनेको आवाज, परमप्रभुको मार्ग तयार पार, उहाँका पथ सोझा बनाओ। ५ हरेक घाटी पुरिनेछ, र हरेक पहाड र हरेक डाँड़ा समतल बनाइनेछ। र बाङ्गा-टेढ़ा सोझा हुनेछन्, र अप्ठेरा बाटाहरू सम्म हुनेछन्, ६ र सबै प्राणीले परमेश्वरको मुक्ति देख्नेछन्।" र यूहन्ना १:२९ "२९ भोलिपल्ट उनले येशूलाई आफूतिर आइरहनुभएको देखेर भने, "हेर, संसारको पाप उठाइलैजाने परमेश्वरका थुमा!"

यसको अर्थ यो होइन कि सबै जनाले स्वःत उद्धार पाउने छन् तर जसजसले उहाँलाई विश्वास गर्छ र ग्रहण गर्छ तिनीहरूको निम्ति उहाँ मुक्तिदाता वा मसीह हुनुभएको थियो। विषेश गरेर सुसमाचार प्रचारप्रसार गर्ने लक्ष्य बोकेका हामीहरूको निम्ति त्यो आत्मज्ञानको अर्थ के हो?

"सबै चर्चहरूमा मिसिनेरी वा सुसमाचार प्रचार गर्ने जोशलाई पुनर्जीवित पार्न आवश्यकता छ। चर्चका प्रत्येक विश्वासीहरूले परमेश्वरको काममा कसरी अग्रसर गराउने भनेर लगनशीलताकासाथ अध्ययन गर्नुपर्छ। आफू बसेका टोल छिमेकीमा होस् वा विदेशमा होस् सुसमाचार सुनाउने प्रत्येक विश्वासीको अभिभारा हो। हजारौं अरू कामहरू भइरहेका छन् तर ती कामहरू सुसमाचार फैलाउन विभिन्न क्षेत्रमा प्रयोग गरिनुपर्ने थियो। सुसमाचार प्रचार गर्न उहाँको निम्ति नयाँ नयाँ क्षेत्रहरू थप्न परमेश्वरले आफ्ना जनहरूलाई आह्वान गर्नुहुन्छ। परमेश्वरका विश्वासीलो तथा बफादारी कार्यकर्ताले काम गरोस् भनेर अत्यन्त उर्वरा जमिनहरू पर्खिएर बसिरहेकाछन्।"-एलेन जी ह्वाइट, टेस्टिमोनिज फर द चर्च, ठेली, ६, पृ. २९बाट रूपान्तरित।

## ३. यस संसारमा यहूदी जाति खडा हुनुको लक्ष्य (मत्ती १०:५,६)

**"इस्राएलका हराएका भेंडाहरूकहाँमात्र मलाई पठाइएको हो" (मत्ती १५:२४ रूपान्तरित)**

प्रथम् सार्वजनिक रूपमा येशू देखा पर्नुहुँदा र क्रुसमा उहाँको मृत्यु हुँदा सम्म उहाँको सेवाकार्यको केन्द्रविन्दु यहूदीहरूको माझ विशेष गरेर गलिलको क्षेत्रमा थियो। उहाँको पहिलो सम्बोधन नै इस्राएलका बासिन्दाहरूलाई गरिएको थियो। क्रुसभन्दा पहिले गैर-यहूदी अर्थात् अन्य जाति वा अरू राष्ट्रका मानिसहरूसँग थोरैमात्र असल सुसमाचारहरू थिए। परमेश्वरबाट टाढा रहेका मानव जातिको बीचमा उहाँको काम गराउन र उहाँको लक्ष्यमा चलाउन येशूले यहूदीहरूको आत्मिक दिमाग बिउँझाउन खोज्नुभएको थियो। सारा संसारको सामु सनातन सृष्टिकर्ता परमेश्वर पिताको बारेमा सिकाउन र गवाही दिने अवसर यहूदीहरूलाई पहिले दिइएको थियो।

**कहिले काहीं येशूका वचनहरू बुझ्न जटिल छ र अचम्म मानेर उहाँले ती वचनहरू किन भन्नुभयो भनेर हामी सोच्छौं। उदाहरणमा मत्ती १०:५-७, हेर्नुहोस्। संकुचित चित्रबाट उचलिएर ख्रीष्ट आउनुको बृहत चित्रलाई ध्यानमा राखेर र उहाँको सम्पूर्ण लक्ष्यलाई नै मध्ये नजरमा राखेर त्यस पदले के भन्न खोजेको हो सो सोच्नुहोस्। फेरि त्यही पद मत्ती २८:१९ कसरी बाँझिएको छ? हेर्नुहोस्: "५ येशूले यी बाह्र चेलालाई यसो भनी आज्ञा दिएर पठाउनुभयो, "अन्यजातिहरूका माझमा**

**नजाओ, र सामरीहरूका सहरमा नपस। ६ तर इस्राएल जातिका हराएका भेड़ाहरूकहाँ जाओ। ७ 'स्वर्गको राज्य नजिकै आइपुगेको छ,' भन्दै प्रचार गर।" मत्ती १०:५-७ र "यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ" मत्ती २८:१९।**

जब हामीले येशूको जीवन र सेवाकार्यको बारेमा सोच्छौं तब उहाँको सोचबिचार, नीति र योजनालाई एक पक्षमा हेर्नुपर्छ भने ती लक्ष्य पूरा गर्नको निम्ति उहाँले कस्तो कदम चाल्नुभयो भनेर अर्को पक्षमा हेर्नुपर्छ। पुरानो करारमा दिइएको भविष्यवाणी अनुसार येशूले आफ्नो दैनिक जीवनको क्रियाकलापहरू र सेवाकार्य यहूदीहरूकै माझमा यहूदीहरूकै संस्कारमा आफूलाई राख्नुभएको थियो। तर येशू मानव चोला लिएर आउनभएको अर्थ उहाँ केवल यस संसारको सानो देश इस्राएलमा रहेका यहूदी जातिको निम्तिमात्र नभएर सारा विश्वका सबै खालका मानिसहरूको फाइदाको निम्ति थियो। उहाँको मृत्यु र पुनरुत्थानले गर्दा सारा संसारका पापहरूलाई उहाँले बोक्नुभएको थियो (यूहन्न १:२९) केवल एक जातिका मानिसहरूको मात्र होइन। (उहाँ सारा संसारका मानिसहरूको साझा सम्पत्ति हुनुहुन्छ-अनुवादकको मन्तव्य)।

यहाँ हामीले सुसमाचार सुनाउने लक्ष्य वा मिसनको स्थापना गर्न बाइबलको उल्लेखनीय नीति सिक्दछौं। हामीहरूको पहिलो लक्ष्य भनेको बलियो, स्थायी र मजबुत मूल निकायको सृजना गर्नुपर्छ। हामीहरू काम त्यस केन्द्रवाट परिचालन हुनुपर्छ। इस्राएल र यहूदी जनहरू नै सुरुका इसाई हलचलको केन्द्रविन्दु थियो। पहिला त्यस केन्द्र वा मूल निकायको स्थापना गरेपछि त्यहाँबाट हामीहरूको काम विश्वको अरू भागहरूमा फैलाउनुपर्छ।

**तपाईंको स्थानीय चर्चको बारेमा सोच्नुहोस् जहाँ तपाईंको घर छ। माथि दिएको अवधारणाको अनुसार तपाईंको चर्च कसरी संचालित भएको छ? के त्यो चर्च बलियो आधार शिविर हो जसबाट अरू मानिसहरूकहाँ सुसमाचार प्रचार गर्न प्रयोग गरिन्छ? स्वार्थमा केन्द्रित भएर केवल आफ्नोमात्र चिन्ता गर्ने खतराबाट मुक्त भएर सुसमाचार फैलाउने लक्ष्यलाई कसरी अघि बढाउने?**

## ४. अन्य जाति वा यहूदी जातभन्दा अरू जात, भाषा, वर्ण र राष्ट्रका मानिसहरूलाई सुसमाचार फैलाउने लक्ष्य (मत्ती ५:१३,१४)

येशूले आफ्नो समयको ठूलो भाग यहूदीहरूको माझमा बिताउनुभएको थियो। तिनीहरूको संस्कार तथा रहनसहनको परिवेशमा उहाँले सेवाकार्य गर्नुभएको थियो। तर यस संसारमा आउनु उहाँको लक्ष्य केवल यहूदी जातिको निम्ति मात्र नभएर सारा विश्वको निम्ति थियो भनेर उहाँको शिक्षादीक्षा र सेवाकार्यले स्पष्ट पार्नुभएको थियो। इस्राएलमा आधारशिविर खडा गरेर सुसमाचार सारा संसारमा फैलाउनु पर्छ भनेर उहाँले सिकाउनुभएको थियो। अन्य जाति वा यहूदीभन्दा बाहिरका जातिहरूलाई मुक्ति दिनुपर्छ भन्ने परमेश्वरको योजना हो। येशूको शिक्षाले त्यो योजना कतिको महत्त्वपूर्ण थियो भनेर देखाइएको छ।

**सनातन सृष्टिकर्ता परमेश्वर पिता आफ्नोमात्र पेवा हो र उहाँको राज्यमा अन्य जाति, विदेशी भित्रिने अधिकार छैन भन्ने यहूदी जातको मनस्थितिको पर्खाललाई येशूले भत्काउनुभयो भनेर देहायका पदहरूमा भएको उहाँको शिक्षाले देखाउँछन्। हेर्नुहोस्ः मत्ती ५ः१३,१४ "तिमीहरू पृथ्वीका नून हौ, तर नूनको स्वाद गयो भने त्यो केले फेरि नुनिलो पारिने र? त्यो त बाहिर फालिन र मानिसका खुट्टाले कुल्चनबाहेक अरू केही कामको हुँदैन। १४ "तिमीहरू संसारका ज्योति हौ। डाँड़ामा बसालिएको सहर लुक्न सक्दैन।" (नून र ज्योतिले जातभात, नर-नारी, देशीविदेशी आदि भनेर छुट्याउँदैन-अनुवादकको भनाई), मर्कूस १४ः९ "साँच्चै, म तिमीहरूलाई भन्दछु, सारा संसारमा जहाँ-जहाँ यो सुसमाचार प्रचार गरिन्छ, यस स्त्रीले जे गरेकी छे यिनको सम्झनाको लागि यो कार्यको वर्णन गरिनेछ।", लूका १४ः७-२४ " अनि भोजमा आएका अतिथिहरूले आदरको स्थान छानेका देखेर उहाँले तिनीहरूलाई एउटा दृष्टान्त भन्नुभयोः ८ "विवाहको भोजमा तिमीले कसैको निम्तो पायौ भने आदरका स्थानमा नबस। तिमीभन्दा बढ़ी प्रतिष्ठित व्यक्तिले त्यहाँ निम्तो पाएका होलान्। ९ तिमीलाई र तिनलाई निम्तो दिने नाइकेले आएर तिमीलाई भन्नेछ, 'यिनलाई बस्ने ठाउँ देऊ,' र तिमीचाहिँ लज्जित भएर सबैभन्दा तल्लो स्थानमा बस्नुपर्नेछ। १० तर जब तिमीले निम्तो पाउँछौ, गएर तल्लो ठाउँमा बस, र नाइकेले आएर तिमीलाई भन्नेछ, 'ए**

मित्र, माथि गएर बस्नोस्।' त्यस बेला तिमीसँग खान बस्नेहरूका सामुन्ने
तिम्रो इज्जत हुनेछ। ११ किनकि हरेक जसले आफूलाई उच्च
तुल्याउँछ, त्यो होच्याइनेछ, र आफूलाई होच्याउनेचाहिँ उच्च पारिनेछ।"
१२ अनि उहाँलाई निम्तो दिनेलाई पनि उहाँले भन्नुभयो, "तिमीले बिहान
अथवा बेलुकीको भोज लगाउँदा, आफ्ना मित्रहरूलाई, आफ्ना दाजुभाइलाई
वा तिम्रा कुटुम्बहरूलाई वा धनी छिमेकीहरूलाई निम्तो नदेऊ, नत्रता
तिनीहरूले पनि साटोमा तिमीलाई निम्तो दिएर तिम्रो गुण
फर्काइदिनेछन्। १३ तर तिमीले भोज लगाउँदा, गरीब, लुला, लङ्गड़ा,
अन्धाहरूलाई बोलाऊ, १४ र तिमीले आशिष् पाउनेछौ, किनकि
तिनीहरूले तिम्रो गुण फर्काउन सक्दैनन्। तर मृत्युबाट धर्मीहरूको
पुनरुत्थान हुँदा तिमीले यसको प्रतिफल पाउनेछौ।" १५ उहाँसँग खान
बस्नेहरूमध्ये एक जनाले यी कुरा सुनेर उहाँलाई भन्यो, "त्यो धन्य हो,
जसले परमेश्वरको राज्यमा भोज खानेछ!" १६ तर उहाँले त्यसलाई
भन्नुभयो, "कुनै एक जना मानिसले बेलुकीको एउटा विराट् भोज तयार
गर्‍यो, र धेरैलाई निम्तो दियो। १७ उसले आफ्नो नोकरलाई भोजन खाने
बेलामा निम्तालुहरूलाई यसो भन्न पठायो, 'आउनुहोस्, अब सब थोक
तयार छ।' १८ तर तिनीहरू सबैले समान रूपले एकनासको बहाना
बनाउन लागे। पहिलोले त्यसलाई भन्यो, 'मैले एउटा खेत किनेको छु,
मलाई त्यो हेर्न जानुपरेको छ। म बिन्ती गर्दछु, मलाई माफी होस्।'
१९ "अनि अर्कोले भन्यो, 'मैले पाँच हल गोरु किनेको छु, म ती हेर्न
जान्छु। म बिन्ती गर्दछु, मलाई माफी होस्।' २० "अर्कोले भन्यो, 'मैले
विवाह गरेको छु। यसकारण म आउन सक्दिनँ।' २१"तब नोकरले
आएर आफ्नो मालिकलाई यो कुरा भनिदियो। तब घरको मालिकले
रिसाएर आफ्नो नोकरलाई भन्यो, 'सहरका सड़कहरू र गल्लीहरूमा चाँड़ो
जा, र गरीबहरू, लुलाहरू, अन्धाहरूलाई, लङ्गड़ाहरूलाई यहाँ भित्र ले।'
२२ "तब नोकरले भन्यो, 'हजूरले आज्ञा गर्नुभएबमोजिम काम भएको छ,
तर अझै ठाउँ खाली छ।' २३ मालिकले नोकरलाई भन्यो, 'मूल
सड़कहरू र गल्लीहरू हुँदो गएर मानिसहरूलाई भित्र आउन कर लगा, र
मेरो घर भरिओस्। २४ किनभने म तिमीहरूलाई भन्दछु,
निम्त्याइएकाहरूमध्ये कसैले पनि मेरो भोजको स्वाद चाख्न पाउनेछैन'।"
र मत्ती १३:२४-२९,३६-४३ "२४ येशूले फेरि तिनीहरूलाई अर्को

दृष्टान्त सुनाउनुभयोः "स्वर्गको राज्य एक जना मानिसजस्तो हो, जसले आफ्नो खेतमा असल बीउ छऱ्यो। २५ तर मानिसहरू सुतेका बेला उसको शत्रु आयो, र गहूँका बीच-बीचमा सामाहरू छरेर गयो। २६ जब बोट निस्केर त्यसमा दाना लागे, तब सामा पनि देखा पऱ्यो २७ "घरका मालिकका कमाराहरूले आएर उसलाई भने, 'हजूर, के तपाईंले आफ्नो खेतमा असल बीउ रोप्नुभएको होइन? त्यहाँ सामा कहाँबाट आयो?' २८ "घरको मालिकले तिनीहरूलाई भन्यो, 'कुनै शत्रुले यसो गरेको हो।' कमाराहरूले उसलाई भने, 'के हामी गएर ती बटुलौं?' -३६ तब उहाँ भीड़लाई छोड़ेर घरमा जानुभयो, र उहाँका चेलाहरूले उहाँकहाँ आएर भने, "खेतको सामाबारे दृष्टान्तको अर्थ हामीलाई बताइदिनुहोस्।" ३७ उहाँले तिनीहरूलाई जवाफ दिनुभयो, "असल बीउ छर्नेचाहिँ मानिसको पुत्र हो। ३८ खेत संसार हो। असल बीउचाहिँ राज्यको सन्तान हो, र सामा दुष्टको सन्तान हो। ३९ सामा रोप्ने शत्रुचाहिँ दियाबलस हो। फसलको समयचाहिँ युगको अन्त्य हो। खेतालाहरू स्वर्गदूतहरू हुन्। ४० "जसरी सामा उखेलेर आगोमा भस्म गरिन्छ, युगको अन्त्यमा पनि त्यस्तै हुनेछ। ४१ मानिसको पुत्रले आफ्ना दूतहरू पठाउनेछ, र पाप गर्न लाउने प्रत्येक थोक र दुष्ट काम गर्नेहरू सबैलाई तिनीहरूले उसको राज्यबाट बटुल्नेछन्, ४२ र उनीहरूलाई आगोको भट्टीमा फालिदिनेछन्। त्यहाँ मानिसहरू रुनेछन् र दाह्रा किट्नेछन्। ४३ तब धर्मी जनहरू आफ्ना पिताको राज्यमा सूर्यजस्ता चम्किला हुनेछन्। जसको कान छ, त्यसले सुनोस्।"

येशूको जीवनको प्रमुख भाग यहूदीहरूकै सेवामा बिताउनुभएको थियो। तर उहाँको कामको सुरूदेखिनै उहाँ सारा संसारमा सुसमाचार सुनाउने लक्ष्य लिएर आउनुभएको हो भनेर स्पष्ट पार्नुभएको थियो (यूहन्ना ३:१६)। बप्तिस्मा गरेकै समयमा बप्तिस्मा दिने यूहन्नाले येशूलाई औंल्याउँदै भनेका थिए "ल, हेर सारा संसारको पाप उठाइ लैजाने परमेश्वरको पाठो!" (यूहन्ना १:२९ रूपान्तरित)। सुसमाचाका पुस्तकहरूमा संसार भन्ने शब्द (ग्रीकमा कसमोस kosmos) सय पल्ट उल्लेख गरिएको छ। ती मध्ये आधा येशूको विश्वव्यापी कामको सन्दर्भमा सम्बोधन गरिएको छ।

लूका १४:१६-२४मा उल्लेख गरिएको येशूको नीतिकथामा निमन्त्रणा पाएका सबै मानिसहरूले कुनै न कुनै बहाना निकालेर बिवाहको भोजमा गएका थिएनन्। ती बहानाहरूलाई फेरि पढ्नुहोस्। साँच्ची भनौं भने के ती बहानाहरू जायज थिएन र? त्यसबाट हामीले के महत्त्वपूर्ण शिक्षा लिन सक्छौं?

## ५. येशूको महान् निर्देशन (मत्ती २८:१८-२०)

येशूले आफ्नो पुनरुत्थानपछि स्वर्गमा नगइकन आफ्नो चेलाहरूसँग ४० दिन बिताउनुभएको थियो। ती दिनमा येशूले तिनीहरूलाई विश्वव्यापी सुसमाचार सुनाउने अभियानको निम्ति तयार पारिरहनुभएको थियो। संसारको कुनै पनि कुना काप्चा बाँकि नराखी सबै ठाउँमा सुसमाचार सुनाउने येशूको निर्देशन मत्तीको सुसमाचारको पुस्तकमा दिएको अत्यन्त प्रख्यात छ। तर पुनरुत्थानपछि ४० दिनसम्म आफ्ना चेलाहरूसँग येशू रहनुहुँदा सुसमाचार सुनाउने निर्देशनमा अरू विस्तृत जानकारी उहाँले दिनुभएको हुनसक्छ। येशू यरुशलेममा दुई पल्ट देखापर्नुभएको थियो भनेर उल्लेख गरिएको छ, गलिलमा दुई पल्ट (एक फेरा टिबेरियसको नदीको छेऊमा र अर्को पहाडमाथि), र चेलाहरूसँग अन्तिम भेटघाटमा जुन् प्रेरित १:१-१४मा उल्लेख गरिएको छ।

विश्वव्यापी सुसमाचार सुनाउने अभियानमा आफ्ना चेलाहरूलाई लाग्न येशूले महान निर्देशनसहित पाँच पल्ट दिनुभएको थियोः मत्ती २८:१८-२० अनुसार गलिलको पहाडमा दिएको निर्देशन “१८ तब येशू तिनीहरूकहाँ आएर भन्नुभयो, “स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ। १९ यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ, २० मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ। हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरूका साथमा छु।”, मर्कूस १६:१४-२० अनुसार खानेबेलामा " १४ पछिबाट उहाँ एघार चेलाहरूकहाँ तिनीहरू भोजनमा बसेको बेला देखा पर्नुभयो। अनि तिनीहरूको अविश्वास र हृदयका कठोरताको लागि उहाँले तिनीहरूलाई हप्काउनुभयो। किनभने उहाँ मृतकबाट जीवित भई उठ्नुभएपछि उहाँलाई देख्नेहरूका कुरा तिनीहरूले विश्वास गरेका

थिएनन्। १५ अनि उहाँले तिनीहरूलाई भन्नुभयो, "सारा संसारमा गएर सारा सृष्टिलाई सुसमाचार प्रचार गर। १६ विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ, तर विश्वास नगर्ने दोषी ठहरिनेछ। १७ विश्वास गर्नेहरूसँग यी चिन्हहरू हुनेछन्– मेरो नाउँमा तिनीहरूले भूतहरू धपाउनेछन्, तिनीहरूले नयाँ भाषाहरूमा बोल्नेछन्, १८ तिनीहरूले सर्पहरू समात्नेछन् र कुनै विषालु कुरा पिए तापनि कुनै किसिमले त्यसले तिनीहरूको हानि गर्नेछैन। तिनीहरूले रोगीहरूमाथि आफ्ना हात राख्नेछन् र तिनीहरू निको हुनेछन्। १९ तब यसरी तिनीहरूसँग बोलिसक्नुभएपछि प्रभु येशू स्वर्गारोहण हुनुभयो, र परमेश्वरको दाहिने बाहुलीतर्फ विराजमान हुनुभयो। २० अनि ती चेलाहरूले गएर सबै ठाउँमा प्रचार गरे। प्रभुले तिनीहरूका साथमा काम गर्दैरहनुभयो, र चिन्हहरूद्वारा वचनलाई सुदृढ़ पार्नुभयो। आमेन।", लूका २४:३६-४९ अनुसार यरुशलेममा "३६ तिनीहरूले यी कुरा गर्दागर्दै येशू तिनीहरूका बीचमा खड़ा हुनुभयो, र भन्नुभयो, "तिमीहरूलाई शान्ति होस्।"

३७ तिनीहरू तर्से, र डरले आत्तिए, र "हामीले त प्रेत देखिरहेछौं" भन्ने सम्झे। ३८ तर उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू किन विचलित हुन्छौ, र तिमीहरूका हृदयमा किन शङ्का उत्पन्न हुन्छ? ३९ मेरा हात र मेरा पाउ हेर, म नै हुँ, मलाई छोएर हेर। किनकि प्रेतको मासु र हाड हुँदैन, तर तिमीहरू देख्छौ, मेरा त छन्।" ४० यसो भन्नुभएपछि उहाँले तिनीहरूलाई आफ्ना हात र पाउ देखाउनुभयो। ४१ तर खुशीले पत्यार गर्न नसकी तिनीहरू छक्क पर्दा उहाँले तिनीहरूलाई भन्नुभयो, "के तिमीहरूसित यहाँ केही खानेकुरो छ?" ४२ तिनीहरूले पकाएको माछाको एक टुक्रा उहाँलाई दिए। ४३ अनि उहाँले त्यो लिएर तिनीहरूकै सामुन्ने खानुभयो। ४४ उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूसँग हुँदा मैले बोलेका वचनहरू यी नै हुन्, अर्थात् मोशाको व्यवस्था, अगमवक्ता र भजनका पुस्तकमा मेरो विषयमा लेखिएका सबै कुरा पूरा हुनैपर्छ।" ४५ तब धर्मशास्त्र बुझ्नलाई उहाँले तिनीहरूको समझ खोलिदिनुभयो। ४६ उहाँले तिनीहरूलाई भन्नुभयो, "यसो लेखिएको छ, कि ख्रीष्टले दुःख भोग्नु र तेस्रो दिनमा मृतकबाट जीवित हुनुपर्छ, ४७ उहाँले तिनीहरूलाई भन्नुभयो, "यसो लेखिएको छ, कि ख्रीष्टले दुःख भोग्नु र तेस्रो दिनमा मृतकबाट जीवित हुनुपर्छ, ४७ अनि यरूशलेमबाट सुरु गरेर सबै

जातिहरूलाई उहाँको नाउँमा पश्चात्ताप र पाप-क्षमाको प्रचार हुनुपर्छ। ४८ तिमीहरू यी नै कुराका साक्षी हौ। ४९ हेर, म मेरा पिताको प्रतिज्ञा तिमीहरूकहाँ पठाउँछु, तर माथिबाट शक्ति प्राप्त नगरुञ्जेल तिमीहरू यही सहरमा बसिरहो।", यूहन्ना २०:१९-३१ अनुसार माथिल्लो कोठामा "१९ त्यही दिन, अर्थात् हप्ताको पहिलो दिनको साँझ, जब यहूदीहरूको डरले चेलाहरू ढोकाहरू बन्द गरेर भित्र बसेका थिए, येशू आएर तिनीहरूका माझमा उभिनुभयो, र तिनीहरूलाई भन्नुभयो, "तिमीहरूलाई शान्ति!" २० यति भनेर उहाँले तिनीहरूलाई आफ्ना हात र कोखा पनि देखाउनुभयो। प्रभुलाई देखेर चेलाहरू अति खुशी भए। २१ तब येशूले फेरि तिनीहरूलाई भन्नुभयो, "तिमीहरूलाई शान्ति! जसरी पिताले मलाई पठाउनुभयो, त्यसरी म पनि तिमीहरूलाई पठाउँदछु।" २२ अनि यति भनेर उहाँले तिनीहरूमाथि श्वास फुकेर भन्नुभयो, "पवित्र आत्मा लेओ। २३ जसका पाप तिमीहरू क्षमा गर्छौ, तिनीहरूलाई क्षमा हुन्छ, र जसका पाप तिमीहरू क्षमा गर्दैनौ क्षमा हुनेछैन।

२४ येशू आउनुहुँदा बाह्र जनामध्ये एक जना, दिदुमस भन्ने थोमाचाहिँ, तिनीहरूसँग थिएनन्। २५ यसकारण अरू चेलाहरूले तिनलाई भने, "हामीले प्रभुलाई देख्यौं।" तर तिनले उनीहरूलाई भने, "जबसम्म म उहाँका हातमा कीलाहरूका डोब देख्दिनँ, र कीलाहरूका डोबमा मेरा औंला हाल्दिनँ, उहाँको कोखामा मेरो हात हाल्दिनँ, तबसम्म म विश्वास गर्नेछैनँ।" २६ आठ दिनपछि उहाँका चेलाहरू फेरि घरभित्रै थिए। थोमा पनि तिनीहरूसँग थिए। ढोकाहरू बन्द थिए, तर येशू भित्र प्रवेश गर्नुभयो, र माझमा उभिएर भन्नुभयो, "तिमीहरूलाई शान्ति!" २७ तब उहाँले थोमालाई भन्नुभयो, "तिम्रो औंला यहाँ राख, र मेरा हातहरू हेर। तिम्रो हात बढ़ाएर मेरो कोखामा हाल। शङ्का नगर, तर विश्वासी होऊ।" २८ थोमाले उहाँलाई भने, "मेरा प्रभु, र मेरा परमेश्वर!" २९ येशूले तिनलाई भन्नुभयो, "तिमीले मलाई देखेको कारणले ममाथि विश्वास गरेका हौ? धन्य हुन् तिनीहरू, जसले मलाई देखेका छैनन्, र पनि विश्वास गर्छन्।"

३० येशूले अरू धेरै चिन्हहरू चेलाहरूका सामुन्ने गर्नुभयो, जुनचाहिँ यस पुस्तकमा लेखिएका छैनन्। ३१ तर यी लेखिएका छन्, कि तिमीहरूले येशू परमेश्वरका पुत्र, ख्रीष्ट हुनुहुन्छ भनी विश्वास गर, र

विश्वासद्वारा उहाँको नाउँमा तिमीहरूलाई जीवन प्राप्त होस्।", यूहन्ना २१:१-२५ अनुसार समुद्रको किनारमा "१ त्यसपछि चेलाहरूकहाँ तिबेरियास समुद्रको छेउमा येशूले फेरि आफूलाई प्रकट गर्नुभयो। उहाँले आफूलाई यसरी प्रकट गर्नुभयोः २ सिमोन पत्रुस, दिदुमस भन्ने थोमा, गालीलका काना नगरका नथानेल, जब्दियाका दुई छोराहरू र उहाँका चेलाहरूमध्ये अरू दुई जना एकसाथ थिए। ३ सिमोन पत्रुसले तिनीहरूलाई भने, "म माछा मार्न जाँदैछु।" तिनीहरूले उनलाई भने, "हामी पनि तिमीसँग आउँछौं।" तिनीहरू गएर डुङ्गामा चढ़े, तर त्यो रात तिनीहरूले केही पक्रेनन्।

४ बिहान हुन लागेको थियो, येशू किनारमा खड़ा हुनुभयो। तर चेलाहरूले उहाँ येशू नै हुनुहुन्छ भनी चिनेनन्। ५ येशूले तिनीहरूलाई भन्नुभयो, "बालक हो, तिमीहरूसँग केही माछा छ?" तिनीहरूले उहाँलाई उत्तर दिए, "छैन।" ६ उहाँले तिनीहरूलाई भन्नुभयो, "जाल डुङ्गाको दाहिनेपट्टि हान, अनि भेट्टाउनेछौ।" तब तिनीहरूले जाल हाने, र माछाहरूको थुप्रोले गर्दा तिनीहरूले जाल तान्न सकेनन्। ७ येशूले प्रेम गर्नुहुने चेलाले पत्रुसलाई भने, "उहाँ प्रभु पो हुनुहुँदोरहेछ।" "उहाँ प्रभु हुनुहुँदोरहेछ" भन्ने सुनेर सिमोन पत्रुसले आफ्नो बाहिरी वस्त्र कम्मरमा लपेटे, किनभने तिनले वस्त्र खोलेका थिए, र समुद्रमा हामफाले। ८ अरू चेलाहरू डुङ्गामै बसी जाल तान्दै आए। तिनीहरू किनारदेखि टाढ़ा होइन, तर प्रायः सय मिटर जतिमा थिए। ९ जब तिनीहरू किनारमा उत्रे, तब तिनीहरूले कोइलाको भुङ्ग्रोमा माछा राखिएका र रोटी देखे। १० येशूले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूले भर्खरै पक्रेका माछाबाट केही ल्याओ।"

११ तब सिमोन पत्रुसले डुङ्गामा चढ़ेर एक सय त्रिपन्न वटा ठूला-ठूला माछाले भरिएको जाल पाखामा तानी ल्याए, तर यति धेरै भए तापनि जाल फाटेन। १२ येशूले तिनीहरूलाई भन्नुभयो, "आएर खाओ।" चेलाहरूमध्ये कसैले पनि "तपाईं को हुनुहुन्छ?" भनी सोध्ने आँट गरेन, किनकि तिनीहरूले उहाँ प्रभु हुनुहुन्छ भनी जान्दथिए। १३ येशू आउनुभयो र रोटी लिएर तिनीहरूलाई दिनुभयो, र त्यसै गरी माछा पनि दिनुभयो। १४ मृतकबाट जीवित भइउठ्नुभएपछि येशू चेलाहरूकहाँ प्रकट हुनुभएको यो तेस्रो पल्ट थियो। १५ जब तिनीहरूले खाइसके, तब

येशूले सिमोन पत्रुसलाई भन्नुभयो, “यूहन्नाका छोरा सिमोन, के तिमी
मलाई यिनीहरूभन्दा बढ़ी प्रेम गर्दछौ?” तिनले उहाँलाई भने, “ज्यू प्रभु,
तपाईं जान्नुहुन्छ, म तपाईंलाई प्रेम गर्छु।” उहाँले तिनलाई भन्नुभयो,
“मेरा पाठाहरूलाई खुवाऊ।” १६ उहाँले फेरि दोस्रो पल्ट तिनलाई
भन्नुभयो, “यूहन्नाका छोरा सिमोन, के तिमी मलाई प्रेम गर्दछौ?” तिनले
उहाँलाई भने, “ज्यू, प्रभु, तपाईं जान्नुहुन्छ, म तपाईंलाई प्रेम गर्छु।” उहाँले
तिनलाई भन्नुभयो, “मेरा भेड़ाहरूको हेरचाह गर।” १७ उहाँले तिनलाई
तेस्रो पल्ट भन्नुभयो, “यूहन्नाका छोरा सिमोन, के तिमी मलाई प्रेम
गर्छौ।” पत्रुस दुःखित भए, किनकि उहाँले तेस्रो पल्ट तिनलाई “के तिमी
मलाई प्रेम गर्छौ?” भन्नुभयो। तिनले उहाँलाई भने, “प्रभु, तपाईं सब कुरा
जान्नुहुन्छ। म तपाईंलाई प्रेम गर्दछु भनी तपाईंलाई थाहा छ।” येशूले
तिनलाई भन्नुभयो, “मेरा भेड़ाहरूलाई खुवाऊ। १८ साँच्चै, म तिमीलाई
भन्दछु, जब तिमी जवान थियौ तिमी आफैले आफ्नो पटुका बाँध्थ्यौ, र
जहाँ इच्छा लाग्छ जान्थ्यौ। तर जब तिमी बूढ़ा हुनेछौ, तब तिमीले
आफ्ना हात पसार्नेछौ, र अरूले तिम्रो पटुका बाँधिदिनेछ, र तिमी जहाँ
जान चाहँदैनौ त्यहाँ लगिनेछौ।” १९ कुन किसिमको मृत्युद्वारा तिनले
परमेश्‍वरको महिमा गर्नेछन्, त्यसको सङ्केत गर्दै उहाँले यो भन्नुभएको
थियो। यति भनेर उहाँले तिनलाई भन्नुभयो, “मेरो पछि लाग।” २०
पत्रुसले पछि फर्केर हेर्दा येशूले प्रेम गर्नुहुने चेलालाई पछिपछि
आउँदैगरेका देखे। यिनले नै बेलुकीको भोजनको बेलामा उहाँको छातीमा
ढल्केर, “प्रभु, तपाईंलाई पक्राइदिने को हो?” भनी सोधेका थिए। २१
तिनलाई देखेर पत्रुसले येशूलाई भने, “प्रभु, यिनको चाहिँ के हुने?”
२२ येशूले पत्रुसलाई भन्नुभयो, “म नआएसम्म तिनी पर्खिरहून् भन्ने मेरो
इच्छा भए पनि तिमीलाई के? तिमी मेरो पछि लाग।” २३ यसैकारण ती
चेला मर्दैनन् भन्ने कुरा भाइहरूका बीचमा फैलियो। येशूले तिनी मर्दैनन्
भन्नुभएको थिएन, तर “म नआएसम्म तिनी पर्खिरहून् भन्ने मेरो इच्छा
भए पनि तिमीलाई के?” भन्नुभएको थियो। २४ यी ती नै चेला हुन्,
जसले यी कुराका विषयमा गवाही दिँदछन्, र यी कुरा लेखेका छन्, अनि
हामी जान्दछौं कि तिनको गवाही साँचो छ। २५ येशूले अरू पनि धेरै
काम गर्नुभयो। तीमध्ये प्रत्येकको बारेमा लेखिने हो भने, मलाई यस्तो
लाग्छ, कि तिनका विषयमा लेखिएका पुस्तकहरू संसारैभरि पनि अटाउने

थिएनन्।" र प्रेरित १:१-११ स्वर्गमा उक्लनुभन्दा ठीक अघि "१ प्रिय थियोफिलस, येशूले गर्न र सिकाउन थाल्नुभएका सबै कुराका विषयमा मेरो पहिलो पुस्तकमा मैले लेखेको छु। २ आफैले छान्नुभएका प्रेरितहरूलाई येशूले पवित्र आत्माद्वारा आज्ञा दिनुभएपछि उहाँ स्वर्गमा उचाली लगिनुभएको दिनसम्मका सबै कुरा त्यस पुस्तकमा लेखिएका छन्। ३ आफ्नो दुःख-भोगपछि धेरै अकाट्य प्रमाणद्वारा तिनीहरूका सम्मुख उहाँले आफैलाई जीवित प्रस्तुत गर्नुभयो। चालीस दिनसम्म उहाँ तिनीहरूकहाँ देखा पर्नुभयो अनि परमेश्वरका राज्यको विषयमा तिनीहरूलाई बताउनुभयो। ४ तिनीहरूसँग भोजनमा बस्नुहुँदा उहाँले तिनीहरूलाई यस्तो आदेश दिनुभयो, "तिमीहरू यरूशलेमबाट कतै नजाओ, तर पिताले गर्नुभएको प्रतिज्ञाको प्रतीक्षा गर। यसबारे तिमीहरूले मबाट सुनिसकेका छौ।" ५ किनभने यूहन्नाले त पानीले बप्तिस्मा दिए, तर अबका थोरै दिनमा पवित्र आत्मामा तिमीहरूको बप्तिस्मा हुनेछ।" ६ यसकारण जब प्रेरितहरू भेला भए, तब तिनीहरूले उहाँलाई सोधे, "हे प्रभु, के तपाईंले इस्राएल राज्यको पुनर्स्थापन गरिदिनुहुनेछ?" ७ उहाँले तिनीहरूलाई भन्नुभयो, "पिताले आफ्नो अधिकारद्वारा तोक्नुभएको बेला वा समय जान्ने तिमीहरूको काम होइन। ८ तर पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ, र तिमीहरू यरूशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ।" ९ उहाँले यो कुरा भन्नुभएपछि, तिनीहरूले हेर्दाहेर्दै उहाँ उँभो उचालिनुभयो, र बादलमा उहाँ तिनीहरूका दृष्टिबाट लोप हुनुभयो। १० जब तिनीहरूले उहाँ जाँदैगर्नुभएको एकटक आकाशतिर हेरिरहेका थिए, तब अचानक सेतो पोशाक लाएका दुई जना मानिस तिनीहरूका नजिक खड़ा भए। ११ तिनीहरूले भने, "गालीलका मानिस हो, तिमीहरू किन आकाशतिर हेर्दै उभिरहेका छौ? यही येशू, जो तिमीहरूबाट स्वर्गमा लगिनुभयो, अहिले जसरी तिमीहरूले उहाँलाई स्वर्गमा जानुभएको देख्यौ, त्यसरी नै उहाँ फेरि आउनुहुनेछ।" ती सबै व्यहोराले हामीलाई के महत्त्वपूर्ण विषयलाई औंल्याउँछ?

पवित्र आत्माको महाशक्तिले सुसज्जित भएर र येशूका वचनहरू पालन गरेर प्रेरितहरूले रोमी साम्राज्य जगतमा सुसमाचारलाई द्रुतगतीमा फैलाएका थिए। पावलले उत्तरी भूमध्यसागरका वरिपरि रहेका

देशहरूमा प्रचार गरेका थिए भने फिलिप सामरियामा, मत्ती अफ्रिकाको इथोपियामा र थोमास भारतमा प्रचार गर्न गएका थिए।

जब प्रेरितहरूले सुसमाचारको प्रचार गर्न थाले तिनीहरू थोरै संख्यामा थिए र तिनीहरूले धेरै बिरोधीहरूको सामना गर्नुपरेको थियो। परमेश्वरको अगुवाई र शक्तिले ती बफादारी भक्त चेलाहरूले सारा संसारमा सुसमाचार फैलाएका थिए। तिनीहरू सिद्ध त थिएनन्, तिनीहरूमा कमी कमजोरीहरू थिए, तिनीहरूमा डर थियो, तिनीहरूमा शङ्का थियो र तिनीहरूले अनेकन् संघर्षहरू गर्नुपरेको थियो तैपनि संसारले मुक्ति पाउन् भनेर तिनीहरूले येशूको आह्वानलाई सहर्ष स्वीकार गरेका थिए। तिनीहरूले येशूबाट आफूहरूले पाएका ज्ञानहरू, येशूको बारेमा सिकेका कुराहरू र येशूले तिनीहरूलाई के गर्नुभयो भन्ने जानकारी अरूहरूलाई बाँड्दै हिँडेका थिए। यदि कोही इसाई हुँ भनेर दावी गर्छन् भने उसले पनि त्यही गर्नुपर्दैन र? नत्र भनेर "इसाई" हुँ भनेर दावी गर्नुको औचित्य के छ?

**ख्रीष्टमा तपाईंलाई के दिइएको छ? ख्रीष्टबाट तपाईंलाई परमेश्वरले दिनुभएको बरदानले अरूलाई सुसमाचार सुनाउने लक्ष्य र गवाही दिने मनस्थितिलाई तपाईंले कसरी सम्हाल्ने?**

## उपसंहारः

**थप जानकारीः मत्तीमा लेखिएको अनुसार येशूले यो भविष्यवाणी गर्नुभएको थियो** "राज्यको सुसमाचार सारा विश्वका सारा राष्ट्रहरूमा साक्षीको निम्ति प्रचार गरिनेछ, अनि संसारको अन्त हुनेछ" (मत्ती २४:१४)। फेरि त्यसै वखत बाइबलले अर्को विषयलाई स्पष्ट रूपमा उल्लेख गर्दछ "तर त्यो दिन र समय कुनै मानिस  न त स्वर्गदूतलाई थाहा छ केवल मेरा परमेश्वर पितालाई मात्र" (मत्ती २४:३६)। फेरि येशूले भन्नुभएको पनि बुझ्नुपर्छ "परमेश्वर पिताले आफ्नै अधिकार अनुसार निर्णय गर्नुभएको दिन र समयको बारेमा जान्नु तिमीहरूको काम होइन" (प्रेरित १:७ रूपान्तरित)।

त्यसकारण सारा संसारमा विभिन्न माध्यमहरूबाट सुससमाचार पहिला कहिलै पनि नफैलिएको तर अहिले फैलिरहेको सन्दर्भमा  र येशूको छिट्टो आगमनमा हामी विश्वास गर्छौं भन्ने परिप्रेक्ष्यमा समय र मिती टोकेर उहाँको आगमनको बारेमा जोशिलो हुनु मनासिब

देखिन्दैन। "हामीहरूलाई परमेश्वरले प्रकट नगर्नुभएको समय र मौसमको बारेमा अनुमान गर्न कोशिस गर्नुहुन्न। येशूले आफ्ना चेलाहरूलाई भन्नुभएको थियो "चनाखो भएर बस" तर उहाँले समय वा मितीलाई टोकेर दिनुभएको थिएन। तर आफ्नो अगुवा वा कप्टानको हुकुमलाई सुन्न तयार भएर बस्ने जस्तै गरेर येशूका भक्तहरू सर्तक वा जाग्रत भएर बस्नुपर्छ। जब येशूको आगमनको नजिक हुन्छ तिनीहरूले प्रार्थना गर्दै, पर्खंदै, चनाखो हुँदै र प्रभुको निम्ति काम गर्दै रहनुपर्छ।"-एलेन जी ह्वाइट, *सेलेक्टेड मेसेजज्,* बुक १, पृ. १८९बाट रूपान्तरित।

**चिन्तनमननः**

अ. येशूको आगमनको बारेमा मिती नतोक्न बाइबलले स्पष्ट रूपमा सिकाइएको छ। तर कतिपय इसाई समूहलले खीष्टको आगमनको दिन वा वर्षलाई तोकेर सबैलाई उत्तेजित गर्ने प्रयास गरेका थिए र गरिरहेका छन्। येशूकै वचनको मर्यादा नाघेर मानिसहरू त्यस ढिपीमा किन लागिरहेका होलान्, के तिनीहरूले चन्दा संकलन गर्ने आफ्नो अभिप्रायलाई त उक्साइरहेको छैन? (यदि येशू अर्को महिना वा वर्षमा आउनुहुन्छ भने तपाईंले जम्मा गर्नुभएको पैसाको के काम छ र?)। जब इसाई भनाउँदाहरूले नै विभिन्न मितीहरू तोक्छन र येशूको आगमन हुँदैन भने इसाईहरूले नै येशूको अनुहारमा हिलो फैंकिरहेका छैनन् र?

आ. सुरूका विश्वासीहरू थोरै थिए र तिनीहरू आफ्नो उद्देष्यमा चल्दा कतिपय समस्या र संघर्घहरूको सामना गर्नुपरेको थियो। आज पनि हामीले सामना गर्नुपरेका केही समस्या र संघर्षहरू के छन्? सुरूका चर्चले पाएको सफलताबाट सुसमाचार सुनाउन हामीहरूले कसरी सिक्ने?